# कैदी सीप विकास तालिम सञ्चालन कार्यविधि, २०७५

**प्रस्तावनाः** कारागारमा रहेका कैदीहरुलाई स्वरोजगार बनाई आर्थिकस्तर वृद्धि गर्न तथा कैद भुक्तान पश्चात निजहरुलाई समाजमा पूनःस्थापना गरी सम्मानित जीवनयापन गराउन वाञ्छनीय भएकोले कर्णाली प्रदेश सरकारको आ. व. २०७५/०७६ को बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "कैदी सीप विकास तालिम सञ्चालन कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयवाट स्वीकृत भई लागू हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

**(क)** **"कारागार"** भन्नाले कैदी वा थुनुवालाई कैद गर्नको निमित्त बनेको वा तोकिएको घर, कोठा वा त्यस्तै अरु कुनै ठाउँ र त्यस्तो घर कोठा वा ठाउँले चर्चेको जग्गा सम्झनु पर्छ ।

(ख) **"कैदी"** भन्नाले अदालत वा अर्धन्यायिक निकायको फैसलाबाट सजाय तोकी कारागारमा रहेको व्यक्तिलाई सम्झनु पर्छ ।

**(ग)** **"जेलर"** भन्नाले कारागार कार्यालयको प्रमुखको काम गर्न नियुक्ति भएको वा तोकिएको कर्मचारी सम्झनु पर्छ ।

**(घ)** **"समिति"** भन्नाले दफा ४ बमोजिमको तालिम पहिचान समितिलाई सम्झनु पर्छ ।

**(ङ)** **"मन्त्रालय"** भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ ।

३. **सुरक्षा व्यवस्था मिलाउनु पर्ने :** कर्णाली प्रदेश स्थित कारागार परिसर भित्र रहेका कैदीलाई मन्त्रालयले स्वरोजगारमुलक तालिम उपलब्ध गराउने समयमा कारागार कार्यालयले अनिवार्य रुपमा सुरक्षाकर्मी रहने र सुरक्षा पास लिए पछि मात्र प्रशिक्षकले तालिम सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

४. **तालिम पहिचान समिति :** प्रत्येक जिल्लामा तालिमको विषय, सहभागी, तालिम प्रदायक संस्था सिफारिस गर्न तथा तालिमको अनुगमन मूल्याङकन गर्न देहायको एक तालिम पहिचान समिति रहनेछः-

| | |
|---|---|
| क) जेलर, कारागार कार्यालय | - अध्यक्ष |
| ख) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | - सदस्य |
| ग) प्रतिनिधि, मन्त्रालयले तोकेको कर्मचारी | - सदस्य |
| (घ) प्रतिनिधि, घरेलु तथा साना उद्योग विकास समिति | - सदस्य |
| (ङ) प्रतिनिधि, कारागार हेर्ने सुरक्षा प्रमुख | - सदस्य सचिव |

५. **<u>समितिको काम, कर्तव्य र अधिकार</u>** : (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कारागार कार्यालयलाई कैदीको चाहना, क्षमता र आवश्यकतालाई मध्यनजर गरी सहभागी छनौट गर्न निर्देशन दिने,

(ख) तालिमको पाठ्यक्रम तथा विषयवस्तु तय गर्ने,

(ग) तालिमको प्याकेज छनौट गर्ने,

(घ) तालिम संचालनका लागि आवश्यक पर्ने स्रोतव्यक्ति तथा प्रशिक्षक छनौट गर्ने,

(ङ) प्रशिक्षार्थीहरुले उत्पादन गरेको वस्तुलाई बजारसँग आवद्ध गर्न सहयोग पुऱ्याउने,

(च) तालिममा सहभागीहरुलाई प्रमाणपत्र प्रदान गर्ने,

(छ) तालिम कार्यक्रमको अनुगमन गर्ने,

(ज) तालिममा सहभागीहरुको पृष्ठपोषण लिने,

(झ) तालिम सम्पन्न पश्चात समष्टिगत प्रतिवेदन मन्त्रालयमा पेश गर्ने ।

६. **<u>सहभागीको योग्यता</u>** : देहायका व्यक्ति तालिमका लागि योग्य हुनेछन् :-

(क) कैदमा रहेको व्यक्ति,

(ख) कैद भुक्तान पछि स्वआर्जन वा स्वरोजगार गर्न ईच्छुक ।

७. **<u>सहभागीहरुको सेवा सुविधाः</u>** सहभागीहरुको सेवा सुविधा देहाय बमोजिम हुनेछ :-

(क) तालिमको नर्म्स अनुसार खाजा खर्च,

(ख) तालिम कार्यक्रममा आवश्यक हुने तालिम सामग्री,

(ग) तालिम सम्पन्न भएको प्रमाणपत्र ।

८. **<u>आवेदन दिनु पर्ने</u>** : तालिममा भाग लिन इच्छुक कैदीले अनुसूचि - १ बमोजिमको ढाँचामा कारागार कार्यालय प्रमुख समक्ष आवेदन दिनु पर्नेछ ।

९. **<u>तालिमका प्याकेज</u>** : कैदीलाई प्रदान गरिने सीप विकास तालिम मागमा आधारित भई अनूसुचि- २ बमोजिम हुनेछ ।

१०. **<u>अनुगमन तथा मूल्याङकनः</u>** तालिम कार्यक्रमको अनुगमन तथा मूल्याङकन मन्त्रालयले गर्नेछ ।

११. **लेखा तथा लेखापरिक्षण:** प्रचलित कानून बमोजिम लेखा राख्ने र लेखापरीक्षण गराउने जिम्मेवारी मन्त्रालयको हुनेछ ।

१२ **अभिलेख तथा प्रतिवेदन :** मन्त्रालयले तालिम कार्यक्रमको अभिलेख तथा प्रतिवेदन अद्यावधिक रुपमा राख्नु पर्नेछ ।

१३. **दण्ड, पुरस्कार :** तोकिएको समय पूर्व तालिम सम्पन्न गर्ने कारागार कार्यालयलाई कदर पत्र सहित सार्वजनिक रुपमा सम्मान गरिनेछ । सम्झौताका शर्त अनुरुप कार्य सम्पादन नगर्नेलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

१४. **प्रचलित कानुन लागु हुने:** यो कार्यविधि कार्यान्वयन गर्दा प्रचलित कानूनलाई अवलम्वन गरी कार्यान्वयन गरिनेछ ।

१५. **वाधा अड्काउ फुकाउने:** यो कार्यविधि कायान्वयनमा कुनै वाधा अड्काउ उत्पन्न भएमा यस्तो वाधा अड्काउ फुकाउने अधिकार मन्त्रालयमा निहित रहनेछ ।

अनुसूची-१
(दफा ८ संग सम्बन्धित)

**कैदी सीप विकास तालिमकालागि आवेदनको ढांचा**

श्रीमान् कार्यालय प्रमुखज्यू,
कारागार कार्यालय,..........................

**विषयः- तालिममा सहभागी गराई पाऊं ।**

...................जिल्ला.......................न.पा. /गा.पा.वडानं......................................................टोल मा बस्ने .......................................को नाति/नातीनी ..................................को छोरा/छोरी ........................................................को पति/पत्नी म ...............................................यस कारागारमा रहेको कैदी हुं । यस कार्यालयमा सञ्चालन गरिने कैदी सीप विकास तालिम अन्तर्गतको ........................तालिममा सहभागी भई कैद भुक्तान पछि स्वरोजगार हुने तिव्र ईच्छा रहेको हुंदा सहभागी गराई दिनु हुन अनुरोध गर्दछु ।

**निवेदक**
नाम, थर :
दस्तखत :
ठेगाना :
मिति :

**कार्यालय प्रयोजनका लागि**
निवेदकको नाम :
अदालतको पत्र सम्वन्धी विवरण :
कैद अवधि :
उमेर :
नागरिकता :
ठेगाना :
अन्य विवरणः

अनुसूची-२

(दफा ९ संग सम्बन्धित)

**कैदी सीप विकास तालिमका सम्भावित विषयहरु**

१. टोपी बुनाई
२. ढाका बुनाई
३. मुडा बुनाई
४. वेतबाँसको सामाग्रीहरु
५. ऊनी, सल बुनाई
६. व्युटिसियन
७. हेयर कटिङ्ग
८. मोवाईल, कम्प्युटर मर्मत
९. इलेक्ट्रिसियन, वाइरिङ्ग
१०. प्लम्विङ्ग
११. डकर्मी, सिकर्मी
१२. मनोसामाजिक विर्मश तथा सकारात्मक सोच
१३. ध्यान, योग आदि ।